कोशी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

विराटनगर, नेपाल

प.सं. : ०८२/८३
च.नं. :

**बिषय - घर/फ्ल्याट बहालमा लिने सम्बन्धमा ।**

प्रथम पटक प्रकाशित मिति २०८२/११/०१

यस कार्यालयको लागि तपसिल बमोजिमको मापदण्ड भित्रको घर/फ्ल्याट भाडामा लिनुपर्ने हुँदा इच्छुक घरधनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा आइपुग्ने गरी आफूले दिन सक्ने बहाल दररेट खुलाई रीतपूर्वकको निवेदन यस कार्यालयमा पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. भाडा लिनुपर्ने घर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट बाट करिब ५ किलोमिटरको दूरी (पूर्व पश्चिम, उत्तर र दक्षिण) भित्र अवस्थित हुनुपर्ने ।
२. कम्पाउन्ड वालले घेराबार भएको हुनुपर्ने ।
३. गाडी पार्किङ गर्ने सुविधा हुनुपर्ने ।
४. प्राविधिक दृष्टिकोणले उपयुक्त घर हुनुपर्ने ।
५. घरमा विद्युत, धारा, पानी शौचालयको सुविधा भएको हुनुपर्ने ।
६. वहाल लिने घरमा कम्तीमा ७ कोठा हुनुपर्ने ।
७. घरधनीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सो घर अवस्थित जग्गाको धनीपुर्जाको प्रतिलिपिसहित निवेदन पेश गर्नु पर्नेछ ।
८. आफूले भाडामा दिन चाहेको घरजग्गा कति भाडा दरमा दिन सकिने हो ? घर बहाल कर सहित मासिक रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
९. नियमानुसारको घर बहाल कर लाग्नेछ ।
१०. प्राप्त हुन आएका निवेदनहरुमध्ये घरवहालमा लिँदा घरको अवस्थिति, सुविधा, मूल्य लगायतलाई आधारमा घर भाडा लिने वा नलिने भन्ने निर्णय हुनेछ ।
११. अन्य कुराहरू यस कार्यालयले तोके बमोजिम हुनेछ ।